**मिति** : २०८१ १२ २५ गते (सोमबार) स्थान : पो.म.न.पा. सभाहल

**बैठक संख्या** : ४४ समय : बिहान ८:०० बजे,

**पोखरा** महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यको अध्यक्षतामा नगर **कार्यपालिकाको** बैठक पोखरा महानगरपालिका कार्यालयको सभाहलमा तपसिल **बमोजिमको** उपस्थितिमा बस्यो।

उपस्थिति :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप प्रमुख | श्री मञ्जुदेवी गुरुङ | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री शिवराज चौलागाई | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ | |
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | प्रेम प्रसाद |

| | | | | |
|---|---|---|---|---|
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बास्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बँानिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |
| | | | | |

# पोखरा महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

न्यूरोड, कास्की

गण्डकी प्रदेश, नेपाल

(प्रशासन महाशाखा)

फोन नं. ५२११४

फ्याक्स नं. ५२०६००

ईमेल: info@pokharamun.gov.np

वेभसाइट: pokharamun.gov.np

पत्र संख्या: ०८१/८२
चलानी नं. ४६०८

मितिः२०८१/१२/२१

ने.स.११४५ चौलाथ्व ६

श्री वडा अध्यक्षज्यू, वडा नं. १ देखि ३३ सबै

श्री कार्यपालिका सदस्यज्यूहरु सबै

पोखरा महानगरपालिका ।

**विषयः उपस्थिति सम्बन्धमा ।**

प्रस्तुत विषयमा पोखरा महानगरपालिकाका श्रीमान् नगर प्रमुखज्यूको निर्देशन अनुसार महानगर नगर कार्यपालिकाको ४४ औं बैठक तपसिलको मिति, समय र स्थानमा बस्ने भएकाले यहाँको उपस्थितिका लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यपालिका बैठकका कार्यसुची (एजेन्डा) यसै साथ संलग्न गरिएको छ ।

**तपशिलः-**

मितिः २०८१/१२/२२ गते शुक्रबार,

**समयः** दिनको १२:१५ बजे,

**स्थानः** पोखरा महानगरपालिकाको सभाहल ।

.................................

जयराम पौडेल

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. **प्रमुख प्रशासकीय अधिकृत**

**सादर अवगतार्थः-**

श्रीमान् नगर प्रमुखज्यू, पोखरा महानगरपालिका ।

श्रीमान् नगर उप-प्रमुखज्यू, पोखरा महानगरपालिका ।

# पोखरा महानगरपालिका

## न्यूरोड, पोखरा

## कार्यपालिकाको ४४ औं बैठकका प्रस्तावहरुः

१. ४३ औं कार्यपालिका बैठकको निर्णय सम्बन्धमा।

२. महानगर क्षेत्र भित्रको अस्पताल जन्य फोहोर व्यवस्थापन गर्दै आएको वेष्ट सर्भिसेज प्रा.लि.को म्याद थप सम्बन्धमा।

३. बाल अधिकार सम्बन्धी पञ्चबर्षीय रणनीतिक योजना स्वीकृति र बालमैत्री स्थानीय शासन अवलम्बनका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने सम्बन्धमा।

४. महिला शान्ति र सुरक्षा सम्बन्धी संयूक्त राष्ट्र संघको प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन गर्न स्थानीय समिति गठन गर्ने सम्बन्धमा।

५. प्रगति संसार प्रा.लि. ले ३२ नं वडामा संकलन गर्ने फोहोरमैलाको दस्तुर सम्बन्धमा। (रु ६,३२,११३।-)

६. रामघाटका सम्बन्धमा।

७. पोखरा-२४ मा उत्पीडित/ दलीत कला तथा सास्कृतिक संग्राहालय भवन निर्माण सम्बन्धमा।

८. मानव सेवा फाउण्डेशनलाई कोटीहोम सञ्चालनका लागि अनुमति सम्बन्धी र पोखरा भ्रमण वर्षको लोगो प्रयोग गर्न दिने सम्बन्धमा।

९. नगर प्रहरी , श्रेणी विहीन कर्मचारीहरुको करार म्याद थप र मुद्धा विचाराधिन रही कार्यरत कर्मचारीहरुको म्याद थप एवं ज्यालादारीमा कार्यरत कामदारहरुको पारिश्रमिक भुक्तानी सम्बन्धमा।

१०. अस्थायी ल्याण्डफिल्ड साइटमा माटो व्यवस्थापन गर्न रकम सुनिश्चितता गरी खरिद प्रक्रिया अगाडि बढाउने सम्बन्धमा।

११. विविध ।

क. अटिजम भएका बालवबालिकाहरुको लागि स्रोतकक्षा सञ्चालन सम्बन्धमा।

ख. पर्यटन तथा शहरी विकास महाशाखा प्रमुखबाट पोखरा मुग्लिङ सडक आयोजनाका लागि स्वीकृतिका लागि पेश भएको IEE प्रतिवेदनका विषयवस्तुका सम्बन्धमा पुनरावलोकन (Review) गरी पेश गरेको प्रतिवेदन सम्बन्धमा।

ग. पो.म.न.पा वडा नं २५ को वडा सभाहल निर्माणको रकम नपुग सम्बन्धमा।

घ. सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतीकरण सम्बन्धमा।

प्रि. प्रमुख प्रशासकीय अधिकृत

# पोखरा महानगरपालिका

न्यूरोड, पोखरा

**४४ औं कार्यपालिका बैठक (मिति २०८१/१२/२५) का निर्णयहरु:**

**निर्णय नं १**

४३ औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्बन्धमा छलफल गरियो।

**निर्णय नं २**

पोखरा महानगरपालिका र वेष्ट सर्भिसेज प्रा.लि. बीच भएको सम्झौता बमोजिम सो कम्पनीले महानगरपालिका क्षेत्र भित्रका अस्पतालजन्य फोहोर व्यवस्थापन गर्दै आएकोमा मिति २०८१ असार मसान्तबाट सम्झौताको म्याद समाप्त भएकोमा अस्पतालजन्य फोहोरको व्यवस्थापन संवेदनशील विषय भएको र निरन्तर व्यवस्थापन हुनुपर्ने भएकोले वन, वातावरण तथा सरसफाई शाखाले सो कम्पनी मार्फत अस्पतालजन्य फोहोरमैला संकलन तथा व्यवस्थापन कार्य हालसम्म पनि जारी राखेकोले सरसफाई शाखाबाट सम्झौताको म्याद थपका लागि सिफारिस भई आएको हुँदा उक्त कम्पनीले सम्झौता बमोजिम महानगरपालिकामा बुझाउनुपर्ने फोहोरमैला शुल्क (सम्झौता बमोजिम बृद्धि गर्नुपर्ने भए सो समेत एकिन गरी) दाखिला गराई २०८२ असार मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो। साथै आगामी आर्थिक वर्ष २०८२/०८३ बाट प्रतिस्पर्धात्मक विधि बमोजिम अस्पतालजन्य फोहोरमैला संकलन र व्यवस्थापन गर्न खरिद प्रक्रिया अविलम्ब अगाडि बढाउने समेत निर्णय गरियो।

**निर्णय नं ३**

पोखरा महानगरपालिकाको बाल अधिकार सम्बन्धी पञ्चबर्षीय रणनीतिक योजना (२०८१-२०८५) अध्ययन गरी रणनीतिक योजनामा समावेश गर्नुपर्ने रायसुझाव सहित पेश गर्न सबै वडा कार्यालय र महाशाखाहरुमा रणनीतिक योजनाको मस्यौदा प्रति उपलब्ध गराउने र आगामी कार्यपालिका बैठककमा छलफल गर्ने निर्णय गरियो। साथै पोखरा महानगरपालिकामा रणनीतिक योजनाले निर्दिष्ट गरेको बालमैत्री स्थानीय शासन अवलम्बन गर्नको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम कार्यक्रम सञ्चालन तथा अन्य आवश्यक प्रक्रिया अविलम्ब अगाडि बढाउन सामाजिक विकास महाशाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं ४**

पोखरा महानगरपालिका र प्रगति संसार प्रा.लि. बीच भएको सम्झौता बमोजिम सो कम्पनीले वडा नं ३२ समेतको फोहोर संकलन र व्यवस्थापन गर्दै आएकोमा महानगरपालिका र वडा नं ३२ स्थित अस्थायी ल्याण्डफिल साइट प्रभावित स्थानीय बासिन्दा बीच भएको सम्झौता बमोजिम वडा नं ३२ मा निशुल्क फोहोरमैला संकलन र व्यवस्थापन गरिदै आएको छ। हाल उक्त कम्पनीबाट फोहोरमैला संकलन बापतको दस्तुर रु ६,३२,११३।- महानगरपालिकाबाट भुक्तानी पाउँ भनी पेश गरेको माग निवेदनको सम्बन्धमा पर्यटन तथा शहरी विकास महाशाखाबाट निशुल्क फोहोरमैला संकलन बापतको खर्च रकम भुक्तानीका लागि सिफारिस भई आएकोले उक्त कम्पनीले महानगरपालिमा चालु आ.व. मा बुझाउनुपर्ने रकम बाँकी रहेको देखिएमा सो बराबरको रकम मिलान गरिदिने साथै चालु आ.व.मा बुझाउनुपर्ने रकम दाखिला गरिसकेको भए आगामी आ.व.को बुझाउनुपर्ने रकममा रु ६,३२,११३।- घटाइ बाँकी रकम दाखिला गर्न लगाउने निर्णय गरियो।

**निर्णय नं ५**

पोखरा महानगरपालिकाको वडा नं ९,१० र ११ मा अवस्थित रामघाटमा रहेको नदीजन्य निर्माण सामाग्री संकलन तथा बिक्री वितरणका लागि पटकपटक बोलपत्र आव्हान गर्दा समेत बोलपत्र पेश हुन नआएको हुँदा उक्त क्षेत्रमा रहेको नदीजन्य निर्माण सामाग्री बर्सेनी थुप्रिन (Over Deposition) गई सोका कारण नदीको बहाव परिवर्तन हुन सक्ने, नदी कटानका कारण स्थानीय बासिन्दालाई समेत प्रभाव पर्ने र विपद्‌को अवस्था सिर्जना भई जनधनको क्षति हुन सक्ने विषय उठेको हुँदा रामघाट क्षेत्रको स्थलगत अनुगमन/निरीक्षण गरी उक्त क्षेत्रमा रहेको नदीजन्य निर्माण सामाग्री उत्खनन्/व्यवस्थापन गर्नुपर्ने आधार, कारण र अपनाउनुपर्ने उपाय सहितको प्रतिवेदन ५ दिनभित्र यस कार्यालयमा पेश गर्ने प्रयोजनका लागि ३ सदस्यीय प्राविधिक टोली खटाउने निर्णय गरियो।

## निर्णय नं ६

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को महिला, शान्ति र सुरक्षा सम्बन्धी प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोश्रो राष्ट्रिय कार्ययोजना (आ.व.२०७९/८०- २०८१/८२) को दफा १२.५ बमोजिम विभिन्न कार्यालय, संघ संस्था, सुरक्षा निकाय, संजाल, समूह र द्वन्दबाट प्रभावित (पिडित) को प्रतिनिधित्व हुने गरी देहाय बमोजिमका पदाधिकारी रहने गरी पोखरा महानगरपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन गर्ने निर्णय गरियो:

| सि.न. | कार्यालय संस्था पद | समितिको पद |
|---|---|---|
| १ | प्रमुख, पोखरा महानगरपालिका | संयोजक |
| २ | उप प्रमुख, पोखरा महानगरपालिका | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत, पोखरा महानगरपालिका | सदस्य |
| ४ | प्रमुखले तोके बमोजिम कार्यपालिका सदस्य-२ जना (१ जना महिला सहित), पो.म.न.पा | सदस्य |
| ५ | शिक्षा महाशाखा प्रमुख , पोखरा महानगरपालिका | सदस्य |
| ६ | स्वास्थ्य महाशाखा प्रमुख, पोखरा महानगरपालिका | सदस्य |
| ७ | अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| ८ | अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| ९ | महानगर प्रहरी बल प्रमुख, पोखरा महानगरपालिका | सदस्य |
| १० | प्रमुखले तोके बमोजिम द्वन्द प्रभावित परिवार (पिडित) मध्येबाट प्रतिनिधित्व हुने २ जना (१ जना महिला सहित) | सदस्य |
| ११ | सामाजिक विकास महाशाखा प्रमुख , पोखरा महानगरपालिका | सदस्य सचिव |

## निर्णय नं ७

पोखरा महानगरपालिका वडा नं २४ मा उत्पीडित/दलित कला तथा सास्कृतिक संग्रहालय भवन निर्माण गर्न साविक कास्कीकोट गा.वि.स. वडा नं २ हाल पो.म.न.पा २४ स्थित नक्सा सिट नं ०९३०७१३, कित्ता नं ६५०, क्षेत्रफल ३२-६-३-३ रोपनीको जग्गाबाट पूर्व बाटोसँग जोडिएको कि.न. ६५२, पश्चिम तर्फ ६५०, उत्तर तर्फ कि.न. ६५० र दक्षिण तर्फ ६५० को यति चारकिल्ला भित्रको क्षेत्रफल ०-१५-१-० रोपनी प्रतिजग्गामा उत्पीडित/दलित कला तथा सांस्कृतिक संग्रहालय भवन निर्माण गर्न अमिनको स्थलगत प्रतिवेदन, २४ नं वडा कार्यालयको मिति २०८१/१२/०३ को सिफारिस, क्लब, समुदाय समेतको सिफारिस सहित संघीय सरकारको सशर्त अनुदान अन्तर्गत विनियोजित बजेटबाट खरिद प्रक्रिया अगाडि बढाइदिन माग भएको सम्बन्धमा पर्ति जग्गा आवश्यक संरक्षण गर्ने गरी उपयोग गर्न दिने निर्णय गरियो ।

## निर्णय नं ८

मानव सेवा फाउण्डेशन, पोखरा-८ सिर्जनाचोकबाट श्री ऐतिहासिक श्रीगण्डकी शत कुण्डीय गायत्री कोटिहोम विराट ज्ञान महायज्ञ सञ्चालन गर्नका लागि बैकल्पिक स्थान खोजी गरी सिफारिस गर्न गठन भएको समितिबाट पोखरा महानगरपालिका वडा नं १७ मा गुठी संस्थानको स्वामित्वमा रहेको श्री सदाशिवजी हरिहर मन्दिरले संरक्षण गरेको जगामा कोटिहोम विराट ज्ञान महायज्ञ सञ्चालन गर्न सिफारिस भए बमोजिम मिति २०८१/१२/१७ देखि २०८२/०२/१५ सम्म कोटिहोम विराट ज्ञान महायज्ञ सञ्चालन गर्न महानगरबाट दिइएको अनुमति अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं ९

पोखरा महानगरपालिकामा मेडिकल अधिकृत पद रिक्त भई सेवा प्रवाहमा असहज भइरहको अवस्थामा मणिपाल शिक्षण अस्पताल र गण्डकी मेडिकल शिक्षण अस्पतालहरु महानगरका स्वास्थ्य संस्थामा चिकित्सकीय जनशक्ति उपलब्ध गराउन इच्छुक देखिएको हुँदा महानगरले कुनै आर्थिक दायित्व नव्यहोर्ने गरी उक्त संस्थाहरुबाट मेडिकल अधिकृत प्राप्त गरी काममा खटाउने सम्बन्धमा MOU गर्न स्वास्थ्य महाशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १०**

पोखरा महानगरपालिकाको स्वीकृत दरबन्दीमध्ये स्वास्थ्य तर्फ जनशक्ति अभाव भई सेवा प्रवाह प्रभावकारी हुन नसकेकोले नगरसभाको निर्णय बमोजिम लोक सेवा आयोग/प्रदेश लोकसेवा आयोगको बैकल्पिक/अस्थायी योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुलाई लोक सेवा आयोगबाट स्थायी सिफारिस भई आएमा स्वत:अवकाश हुने गरी सेवामा लिन सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

महानगरपालिकामा कार्यरत नगर प्रहरी, श्रेणी विहीन कर्मचारीहरुको करार म्याद थप, अदालतमा मुद्दा विचाराधिन रही कार्यरत कर्मचारीहरुको सम्बन्धमा र ज्यालादारीमा कार्यरत कामदारहरुको पारिश्रमिक भुक्तानी सम्बन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियो:

क. महानगरपालिकाद्वारा जारी भएका ऐन, कार्यविधि, निर्देशिकाद्वारा स्थापित/सञ्चालित संस्था/कार्यक्रमहरु, संघ/प्रदेश सरकारसँगको साझेदारी (शसर्त समेत) तथा अन्य संघ/संस्था/विकास साझेदारहरुसँगको सहयोग तथा साझेदारीमा सञ्चालित कार्यक्रमका लागि कार्यरत कर्मचारीहरु, नगर प्रहरी तथा श्रेणीविहीन कर्मचारीहरुको कार्यसम्पादन, आवश्यकता र औचित्य समेत हेरी सम्झौतामा नै सेवा शर्त उल्लेख गरी २०८२ असार मसान्तसम्म करार सेवाको म्याद थप गरी कामकाजमा लगाउने निर्णय गरियो ।

ख. नगरसभाको विशेष बैठकको निर्णय उपर महानगरलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा मुद्धा दायर गरी अमिन श्री गणेश गिरी समेत ५ जना कर्मचारीहरुको करार सम्झौताको म्याद कायमै रहेको अवस्थामा सम्मानित अदालतबाट अल्पकालिन अन्तरिम आदेश भई निजहरु कामकाजमा रहेको र मुद्धा विचाराधिन रहेकोले सम्मानित अदालतबाट मुद्धाको कारवाही किनारा हुँदाका बखत सोही बमोजिम हुने गरी काम गरेको अवधिको सम्झौता गरी पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

ग. महानगर र अन्तर्गत विभिन्न वडा कार्यालयहरुमा ज्यालादारीमा कार्यरत कामदारहरु लामो समयसम्म काममा लगाएको भनी महालेखा परीक्षकको कार्यालयबाट ज्यालादारी कामदारको पारिश्रमिक रकम बेरुजु देखाइएको छ । महानगर, नगर कार्यपालिकाको कार्यवोझ, आवश्यकता र औचित्यका आधारमा ज्यालादारीमा काममा लगाउन सकिने कामदारको संख्या एकिन गरी कार्यस्थल तोकि सिमित मात्रामा ज्यालादारीमा कामकाजमा लगाउन सकिने गरी प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै मिति २०८१ श्रावणदेखि काममा लगाईएका ज्यालादारी कामदारहरुको २०८१ चैत्र मसान्तसम्मको पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

Third Eye Autism Care Nepal, Kaski बाट अटिजम भएका बालबालिकाहरुको लागि महानगरपालिका, अभिभावक र सरोकारवालाहरुको सहयोगमा थेरापी तथा सिकाइ कक्षा लगायतका कक्षा सञ्चालन गर्न प्रस्ताव भएका १२८ जना अटिजम भएका बालबालिकाहरुका लागि आवश्यक बजेट सहित स्रोतकक्षा सञ्चालन गर्न अनुमति माग भएको सम्बन्धमा पोखरा महानगरपालिका वडा नं १७ स्थित जानकी मा.वि.संगको सहकार्यमा स्रोत कक्षा सञ्चालन गर्न व्यवस्था मिलाउन शिक्षा महाशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १३**

पोखरा महानगरपालिका वडा नं २५ वडा कार्यालयको सभाहल र कम्पाउण्ड वाल निर्माणका लागि रु ८८,४७,०००।- (अक्षेरुपी अठासी लाख सठ्चालिस हजार रुपैँया मात्र) को लागत अनुमान पेश भएकोमा चालु आ.व.मा रु ३५,००,०००।- (अक्षरुपी पैँतिस लाख मात्र) विनियोजन भएको हुँदा नपुग रकम रु ५३,४७,०००।– (अक्षरुपी त्रिपन्न लाख सठ्चालिस हजार मात्र) आगामी नगरसभावाट सुनिश्चित गर्ने गरी लागत अनुमान बमोजिम खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं १४**

पोखरा महानगरपालिकाबाट आ.व. २०८०/८१ मा प्रस्तावित योजना तथा कार्यक्रम र सम्पन्न भएका योजना तथा कार्यक्रमका सम्बन्धमा सामाजिक परीक्षण गरी सकारात्मक र नकरात्मक पक्षहरुको विश्लेष्ण सहित आगामी दिनमा गर्नुपर्ने सुधार सहितका सुझावहरु समेटिएको सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतीकरण भई सो उपर छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो।

**निर्णय नं १५**

पोखरा महानगरपालिकाभित्र जम्मा २४८६ गरिव घरपरिवार पहिचान भएको र महानगरबाट सुचना टाँस गरी छुट/संशोधन गर्न लगाइएकोमा विभिन्न वडाबाट २४ घरपरिवारलाई गरिव घरपरिवारमा समावेश गरिदिन सिफारिस भएकोले गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन, २०७८ को दफा ५ बमोजिम उक्त २४ घरपरिवारलाई गरिव परिवारको सूचीमा समावेश गर्ने निर्णय गरियो।

**निर्णय नं १६**

महानगरपालिकामा स्थानाभावका कारण वडा नं ९ को लागि बहालमा लिएको पोखरा म.न.पा-९ स्थित घरको घरधनी श्री बेखमान लाभाजुबाट घरको बहाल रकममा बृद्धि गरी बार्षिक रु. ५०,०००।- भन्दा बढी हुने भएकोले सो वडा कार्यालय रहेको घरको बहाल रकम भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं १७**

महानगरपालिकाको आ.व. २०८०/०८१ को बार्षिक विकास कार्यक्रममा विनियोजित रकमबाट विभिन्न योजना तथा कार्यक्रम/सेवा प्रवाह व्यवस्थापनमा खर्च भएको रकमका सम्बन्धमा सम्मानित महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गरी पेश भएको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुका सम्बन्धमा छलफल गरी देहाय बमोजिम गर्न महालेखा परीक्षकको कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियोः

**क. दफा नं १७ का सम्बन्धमा**

साविकमा पोखरा महानगरपालिकाको दरवन्दी संरचना संघीय सरकारबाट निर्धारण गरी पठाइएकोमा सो दरबन्दी संरचना पोखरा महानगरपालिकाको कार्यक्षेत्र, कार्यवोझ, नियमन, सेवा प्रवाह आदिका हिसाबले न्यून भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम नगरसभावाट ७५४ जना कर्मचारीको दरबन्दी सिर्जना गर्ने निर्णय भएको। गण्डकी प्रदेशमा स्थानीय सेवा ऐन/नियम निर्माण भैनसकेको र पद दर्ताका लागि प्रदेश कितावखाना स्थापना भई नसकेको हुँदा पद दर्ता हुन नसकेको। नगर सभाले पारित गरेको उक्त दरबन्दी संरचना भित्र कार्यरत रहेका ११० जना कर्मचारीको पददर्ता नभएका कारण दरबन्दी संरचना बाहिर देखिन गएको। महानगरपालिकालाई संघीय सरकारबाट प्राप्त दरबन्दी बमोजिमका जनशक्तिबाट मात्र प्रभावकारी रुपमा सेवा प्रवाह गर्न नसकिएकोले नगरसभाले पारित गरेको संरचना भित्रै रही आवश्यक पदहरूमा उपरोक्त बमोजिमका कर्मचारीहरु करार सेवामा नियुक्ति गरी काममा लगाइएको र चालु आ.व. देखि श्रेणीविहीन र नगर प्रहरी बाहेकका पदमा करार नियुक्ति नगर्ने गरी नगरसभाको विशेष बैठकबाट निर्णय भई कार्यान्वयन समेत भईसकेको हुँदा उक्त बेरुजु नियमित गरिदिन अनुरोध गर्ने। साथै महानगरमा अत्यावश्यक कामका लागि कार्य सम्पादनमा सहजीकरण गर्न सिमित समयको लागि ज्यालादारीमा काम गर्ने गरी कामदार परिचालन गरिएको हुँदा यस्ता कामदारहरुलाई उपलब्ध गराइएको पारिश्रमिक वापतको रकम नियमित गर्न अनुरोध गर्ने।

**ख. दफा नं ६९ का सम्बन्धमा**

पोखरा महानगरपालिका वडा नं १८ देखि ३३ सम्मका वडा कार्यालयहरूमा राजश्व संकलन गरी दैनिक दाखिला गर्न वैंकिङ्ग पहुँच नभएका कारण राजश्व दाखिला ढिलो भई जरिवाना बेरुजु कायम भएकोमा बैंकिङ्ग पहुँच नभएका/केन्द्र देखि टाढा रहेका उल्लिखित वडाहरुको जरिवाना रकम रु ३६,१७,००३।- घटाइदिन अनुरोध गर्ने।

**ग. दफा नं ८३ का सम्बन्धमा**

पोखरा महानगरपालिकाका विभिन्न १२ वटा वडाका वडा अध्यक्षहरुलाई कार्यालयले सवारी साधन उपलब्ध नगराएकोले दोहोरो सुविधा वापतको रकम भनी वेरुजु कायम भएकोमा सवारी साधन वडा कार्यालयका लागि उपलब्ध गराइएको तथा उक्त सवारी साधनहरू वडाकै काममा प्रयोग भएको र व्यक्तिगत रुपमा वडा अध्यक्षले सवारी साधन प्रयोग नगरेकाले उक्त बेरुजु रकम हटाइदिन अनुरोध गर्ने।

**घ. दफा नं ८८ का सम्बन्धमा**

मित्र राष्ट्र चिनको भगिनी शहर लिन्जीको निमन्त्रणामा २०२३ को अक्टोबर ४ देखि ६ सम्म भएको Trans-Himalayan Forum For International Cooperation कार्यक्रममा सांस्कृतिक आदानप्रदानको कार्यक्रम समेत समावेश रहेकोले नगर प्रमुखको नेतृत्वमा गएको महानगरको भ्रमण टोलीमा नगर कार्यपालिकाको निर्णयबाट पोखरा प्रज्ञा-प्रतिष्ठानको सांस्कृतिक टोली समेत सहभागी भई भ्रमण गरेको। सो कार्यक्रममा सहभागी भएका सांस्कृतिक टोलीको खर्च मात्र महानगरबाट व्यहोरिएको र नगर प्रमुख सहित अन्य सहाभागीको खर्च आयोजक संस्था (Trans-Himalayan Forum For International Cooperation) बाटै व्यहोरिएको हुनाले औंल्याइएको बेरुजु रकम नियमित गरिदिन अनुरोध गर्ने।

**ङ. दफा नं १०३.३ का सम्बन्धमा**

पोखरा महानगरपालिकाले ल्याण्डफिल साइटमा माटो ढुवानी ठेक्का रद्ध गरी उपभोक्ता समितिबाट माटो पुर्ने कार्य गराई कार्यालयलाई थप व्ययभार भएको भनी बेरुजु कायम भएको सन्दर्भमा ठेक्का लाग्नु अगाडि मिति २०८०/०८/०१ मा लामेआहालमा माटो ओसार्ने काम अर्जुन पन्थी (उ.स) सँग सम्झौता भै मिति २०८०/११/२१ सम्म म्याद राखी कार्य अगाडि बढाइएको। ठेक्का प्रक्रिया शुरु भएको अवस्थामा मिति २०८०/१०/२५ मा निर्माण व्यवसायी शान्ति दर्शन निर्माण सेवासँग सम्झौता भै मिति २०८०/१०/२९ मा कार्यादेश दिइएको। यस परिपक्षेमा जम्मा दिन २२ (मिति २०८०/१०/२९ देखि मिति २०८०/११/२१) को मात्र औषत ठेक्का अवधि (मिति २०८०/१०/२९ देखि मिति २०८१/०३/३०) को कूल ८१०० घ.मी मध्ये प्रतिदिन ५२.५९ घ.मी मात्र फरक दरमा प्रयोग हुने देखिएकोले उक्त बेरुजु नियमित/परिमार्जनका लागि अनुरोध गर्ने।

**च. दफा नं १०३.५ का सम्बन्धमा**

पोखरा महानगरपालिका वडा नं ३२ स्थित अस्थायी ल्याण्डफिल साइटमा फोहोरमैला व्यवस्थापनका लागि लामे आहाल क्षेत्रबाट माटो उपलब्ध हुन नसकि अन्यत्रवाट माटो ढुवानी गर्नुपर्ने अवस्था सृजना भै मिति २०८०/०१/२४ को कार्यालयको निर्णयबाट माटो ओसार्ने कामका लागि मिति २०८०/०३/३२ सम्म म्याद राखि उपभोक्ता समितिसँग सम्झौता भै कार्य भएको। उपभोक्ता समितिले अघिल्लो आ.व. मा भुक्तानी दाबी नगरी बाँकी रहेको रकम पछि भुक्तानी माग गरी आएपश्चात् नगर कार्यपालिकाको मिति २०८०/११/३० को निर्णय नं ७ अनुसार भुक्तानी गर्ने निर्णय भएकोले अघिल्लो आ.व.मा दायित्व सृजना भएको रकम ढिला गरी भुक्तानी भएको। यसमा कुनै पनि दोहोरो भुक्तानी नभएकोले बेरुजु हटाइदिन अनुरोध गर्ने।

**छ. दफा नं १५८ का सम्बन्धमा**

आमा सुरक्षा कार्यक्रम अन्तर्गत गण्डकी मेडिकल कलेज र मणिपाल शिक्षण अस्पतालसँग सम्झौता भई कार्यक्रम सञ्चालन भएकोमा कार्यालयले अनुगमन गरी कैफियत देखिएको रकम घटाएर मात्र भुक्तानी दिने गरिएको। नवजात शिशु कार्यक्रम सम्झौताका लागि अस्पतालले यथासमयमा नै अनुरोध गर्दा समेत संघीय स्वास्थ्य मन्त्रालयवाट निजी अस्पतालमा नवजात शिशु कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्राप्त नभएको। यसर्थ आमा सुरक्षा कार्यक्रम घरधुरी तहमा मातृ मृत्युदर/बाल मृत्युदर घटाउन अपरिहार्य रुपमा सञ्चालन गर्नुपर्ने कार्यक्रम भएको र उक्त कार्यक्रम नियम सम्मत रुपमा सञ्चालन भएकोले उक्त बेरुजु हटाइदिन अनुरोध गर्ने।

**निर्णय नं १८**

पोखरा महानगरपालिकाको वडा नं १३ अवस्थित काहुँखोला पुल खादकुलोबाट सिद्धको स्थानदेखि काहुँखोला टावरसम्मको क्षेत्रमा बर्षातको समयमा बाढी आई निर्माणजन्य सामाग्री बर्षेनी थुप्रिन (Over Deposition) गई खेत तथा बस्ती डुबानमा पर्ने, खोलाको वहाव परिवर्तन भई जमिन कटान हुने र यसबाट स्थानीय बासिन्दामा विपद् जोखिम सृजना भई जनधनको क्षति हुने सम्भावना रहेकोले प्राविधिकबाट स्थलगत निरीक्षण/नापजाँच मूल्याङ्कनका आधारमा बर्षात अगावै काहुँखोलामा रहेको निर्माणजन्य सामाग्री महानगरपालिकाको जे.सी.भी (मेसिन) खोलामा प्रयोग गरी उत्खनन् गरी घाटगद्दि गर्ने व्यवस्था मिलाउन जिल्ला विपद् व्यवस्थापन समिति, कास्कीमा अनुरोध गरी पठाउने निर्णय गरियो।

**निर्णय नं १९**

अस्थायी ल्याण्डफिल साइटमा माटो व्यवस्थापन गर्न सरसफाई शाखाबाट प्रस्तावित लागत अनुमान बमोजिमको रकम रु १,०५,१२,०८५।- (अक्षरुपी एक करोड पाँच लाख बाह्र बजार पचासी रुपैंया मात्र) आगामी नगरसभाबाट बजेट सुनिश्चित गर्ने गरी ल्याण्डफिल साइटमा माटो व्यवस्थापन कार्य गर्नका लागि खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं २०**

मिति २०८१/११/२७ गतेको ४३औं कार्यपालिकाको निर्णय बमोजिम पोखरा मुग्लिङ सडक आयोजनाको लागि पोखरा महानगरपालिका वडा नं. २९ स्थित विभिन्न व्यक्तिहरुको कि.न. २१४३ लगायत १२ वटा कित्ताको २५ रोपनी क्षेत्रफल मध्ये २२ रोपनी निजी जगामा ७८,३३६ घन मी. निर्माण सामाग्री उत्खनन् गरी पोखरा मुग्लिङ्ग सडक आयोजनामा प्रयोग गर्नका लागि ग्रिनहराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.द्वारा तयार गरी स्वीकृतिका लागि पेश भएको IEE प्रतिवेदनमा पर्यटन तथा शहरी विकास महाशाखा प्रमुखबाट पुनरावलोकन (Review) गरी पेश भएको IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं २१**

पोखरा महानगरपालिका वडा नं ९, प्रदर्शनी केन्द्र स्थित पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको जग्गामा महानगरपालिकाले कोरिया सरकारको दातृ संस्था (KOICA) को सहयोगमा Green Job Creation through Recycling and Up cycling project (GCRU) सञ्चालन गरी हरित कोशेली घर निर्माण गर्न नक्सापास गर्ने सम्बन्धमा सो जग्गा पोखरा उपत्यका नगर विकास समिति र पोखरा उद्योग वाणिज्यसंघ बीच भएको भोगाधिकार/लिजाधिकार सम्झौता अध्ययन गरी नक्सापासको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं २२**

गत वर्ष विनियोजित बजेटबाट पोखरा महानगरपालिका वडा नं.३ को वीरेन्द्र स्मृति पार्कमा शौचालय र विश्राम स्थल निर्माण शुरु भई स्थानीय विवादका कारण कार्य स्थगित हुन पुगेको हुँदा सो स्थानमा निर्माण भएको संरचनाको प्राविधिक नापजाँच एवं मूल्यांकन गर्न पर्यटन तथा शहरी विकास महाशाखाका प्रमुख श्री विमल रञ्जन कार्कीको संयोजकत्वमा ईन्जिनियर श्री जगन्नाथ कोईराला र सव ईन्जिनियर श्री निरु भण्डारी रहेको एक समिति गठन गर्ने र उक्त समितिबाट सिफारिश भएको रकम वडा कार्यालयमा रहेको भुक्तानी बाँकी रकमबाट नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं २३**

पोखरा महानगरपालिका राजश्व परामर्श समितिको मिति २०८१/११/२८ र मिति २०८१/१२/१० गतेको बैठकबाट भएका तपशिल बमोजिमका निर्णयहरु अनुमोदन गरी आय ठेक्का बन्दोबस्तिको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो:

क. कवाडी निकासी कर संकलनको लागि मिति २०८०।०३।०८ गते पोखरा महानगरपालिका र बोलपत्रदाता कम्पनी श्री शुभ जगदम्बा कन्सट्रक्सन एण्ड इन्जिनियरिङ बिच कबोल रकम रु ९,००,७७,७७८।०० (अक्षरुपी नौ करोड सतहत्तर हजार सात सय अठहत्तर रुपैया) मा सम्झौता भएकोमा सम्झौताको म्याद मिति २०८२।०३।०७ गते समाप्त हुने भएकोले उक्त कर संकलनको लागि नयाँ बोलपत्र आब्हान गर्न मुद्रा स्फिती र बजार मुल्य बृद्धि समेतको आधारमा

साविकको सम्झौता रकममा १० (दश) प्रतिशतले हुन आउने रकम रु ९०,०७,७७८।०० (अक्षेरुपी नब्बे लाख सात हजार सात साय अठ्हत्तर) रुपैया बृद्धि गरी हुने आउने रकम रु ९,९०,८५,५५६।०० (नौ करोड नब्बे लाख पचासी हजार पाँच सय छपन्न रुपैया) न्यूनतम ठेक्का अंक कायम गरी दुई (२) बर्षको लागि आन्तरिक आय संकलन गर्ने आय ठेक्का बन्दोबस्त नियमावली, २०७७ को नियम ३ बमोजिमको व्यवस्थाको लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्ने ।

ख. पोखरा महानगरपालिकाको स्वामित्वमा रहेको पोखरा महानगरपालिका वडा नं ८ सृजनाचोकमा रहेको भवनको पहिलो तल्लाको १ र ५ नं. सटर तथा दोस्रो तल्ला, वडा नं १७ राष्ट्रबैंक चोकमा रहेको सटरहरु र मालपोत आगाडीको सटरको आर्थिक ऐन २०८१ को अधिनमा रही जिल्ला/स्थानीय दररेट अनुसार न्यूनतम ठेक्का अंक कायम गरी दुई (२) बर्षको लागि आन्तरिक आय संकलन गर्ने आय ठेक्का बन्दोबस्त नियमावली, २०७७ को नियम ३ बमोजिमको व्यवस्थाको लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्ने ।

ग. प्रस्ताव नं २ मा छलफल गर्दा पोखरा महानगरपालिका क्षेत्र भित्र रहेका यात्रुबस प्रतिक्षालयहरुको आय ठेक्का व्यवस्थापन सम्वन्धमा स्थलगत रुपमा प्राविधिक खटाई निरीक्षण गरी पेश गरेको तथ्याङ्कका आधारमा लागत अनुमान गरी पेश गरेको लागत अनुमानलाई २ वर्ष आय ठेक्का व्यवस्थापन गर्ने गरी पोखरा महानगरपालिकाको आय ठेक्का नियमावली, २०७७ को नियम ३ (३) बमोजिम कार्यपालिकामा सिफारिस गर्ने ।

**निर्णय नं २४**

महानगरपालिकाको लागि अति आवश्यक रहेका तर महानगरमा बजेट अभावको कारण कार्यान्वयन हुन नसकेका तपशिल बमोजिमका आयोजना/कार्यक्रमहरुलाई तपशिल बमोजिमको प्राथमिकताक्रम निर्धारण गरी प्रदेश सरकारबाट आ.व २०८२/०८३ मा प्राप्त हुने समपुरक र विशेष अनुदान अन्तर्गत सञ्चालन गर्ने आयोजना/कार्यक्रमहरुको लागत अनुमान/प्रस्ताव तयार गरी गण्डकी प्रदेश नीति तथा योजना आयोगमा माग गरी पठाउने निर्णय गरियो ।

**तपशिलः-**

| समपुरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको प्राथमिकताक्रम | | |
|---|---|---|
| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | प्राथमिकरण |
| १. | जामुनबोट- सिंगरीबास हुदैं प्युरीदोभान सडक निर्माण कास्की-स्याङ्जा जोड्ने बाटो, वडा नं ३३ | १ |
| २. | पुरनचौर शहकार्री चोक नेपाली थर रैकर जोड्ने मोटर बाटो, वडा नं १९ | २ |
| ३. | काहुं धरहरा पुनः निर्माण , वडा नं.११ | ३ |
| विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजनाहरुको प्राथमिकताक्रम | | |
| क्र.सं | आयोजना/कार्यक्रमको नाम | प्राथमिकरण |
| १. | गतिखहरे देखि सेती पुलसम्म बाटो निर्माण, वडा नं १५ | १ |
| २. | भञ्ज्याङ आपोकस्यारी ठूलोपाखा सडक स्तरोन्नति , वडा नं ३३ | २ |
| ३. | शान्ति स्तुपा-पुम्दीकोट भेडीखर्क-निगालेडाँडा-पयौचौतारा-थाप्ले टाईगर हिल - पञ्चासे टुरीजम, वडा नं २२ | ३ |